ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



पर्यटकको रोजाईमा मुन्दुम ट्रेल

❑ वर्ष-११ ❑ अङ्क-२२, २०७६ कार्तिक २ गते, शनिबार (oct.19, 2019 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठः संख्याः ६

सप्तकोसी नपामा डेङ्गुले एकको मृत्यु

सचेतना अभियान चलाउदैं नगरपालिका

शिवप्रसाद आचार्य

फत्तेपुर / सप्तकोसी नगरपालिकाकामा तीन दिने डेङ्गुबारे सचेतना कार्यक्रम संचालन गरिएको छ।

कार्यक्रमको समापनमा सप्तकोसी नगरपालिकाकी उपप्रमुख आशाकुमारी चौधरीले सहकार्य गरि रोगका विरुद्ध अघि बढ्न सबैलाई आग्रह गरेकीछन्।

कार्यकारी प्रमुख ललन कर्णले नगर भित्र डेङ्गु नियन्त्रणमा कुनै कसुर नराख्न मातहतका स्वास्थयकर्मीलाई निर्देशन दिएका छन।

तीन दिन यता नगर भित्र संचालित डेङ्गु रोग बारे संचालित अन्तरक्रिया कार्यक्रमको समापनमा गर्दै

कर्णले देश नै डेङ्गु पीडित भएको भन्दै सचेत रहन सबैलाई आग्रह पनि गरेका छन्। सप्तकोसी नगरपालिका भित्र हालसम्म पाँच जनामा डेङ्गु संक्रमित भएको र एक जनाको मृत्यु भैसकेको स्वास्थय शाखाले जानकारी दिएको छ।

कार्यक्रममा डेङ्गुको पहिचान ,उपचार र बच्ने उपाएबारे स्वास्थय कार्यालय राजबिराजका भेक्टर कन्ट्रोल सुपरभाइजर नारायण राउतले सहजीकरण गरेका थिए।

'सबैको साथ डेङ्गुको नास' भन्ने नाराका साथ संचालित उक्त अन्तरक्रिया कार्यक्रममा वडा अध्यक्षहरु उचित चौधरी ,चन्द्रनारायण यादब,डोलेश्वर खड्गा,कार्यपालिका सदस्यहरु,बिद्यालयका शिक्षक ,संघ सस्थाका प्रतिनिधि, स्वास्थ्य प्रतिनिधिलगायतको सहभागिता रहेको थियो।१० नं. वडा अध्यक्ष उचित चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन स्वास्थ्य शाखा प्रमुख जिबछ साहले गरेका थिए।

बालबालिकालाई भिटामिन ए खुवाइँदै

फत्तेपुर/ देशका सबै स्थानीय तहले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँगको समन्वय र सहकार्यमा कात्तिक २ र ३ गते राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गरिएको छ।

कार्यक्रमअन्तर्गत जन्मेको छ महीनादेखि पाँच वर्षसम्मका करीब २७ लाख बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल, एक वर्षदेखि पाँचवर्षमुनिका २४ लाख बालबालिकालाई जुकाको औषधि



(अल्वान्डाजोल), छ महीनादेखि दुई वर्षभित्रका चारलाख बालबालिकालाई बालभिटा र पाँच वर्षमुनिका २७ लाख बालबालिकाको पाखुराको नाप लिइने छ।

बालबालिकाको पोषणको स्थिति पत्ता लगाउन पाखुराको नाप लिइने गरिन्छ। स्वास्थ्य सेवा विभाग, पोषण शाखाका प्रमुख केदार पराजुलीका अनुसार भिटामिन ए कार्यक्रमका लागि ७५३ वटै पालिकाका ५२

बाँकी अन्तिम पृष्ठमा

गढीमाई मेला व्यवस्थापन समितिमा लफडा

जनकपुर / विश्वकै सर्वाधिक बलि चढ्ने बाराको गढीमाई मेलामा विवाद उत्पन्न भएको छ। प्रत्येक पाँच वर्षमा लाग्ने महागढीमाईको मेलाका विषयमा स्थानीय तह र गढीमाई मन्दिर सञ्चालन तथा विकास समितिबीच विवाद देखिएको हो।

स्थानीय तहले बनाएको मेला समितिलाई कुनै पनि हालतमा नमान्ने र गढीमाई मन्दिर सञ्चालन तथा विकास समितिले नै मेला समिति बनाउने भनेपछि केही दिनयता विवाद बढेको हो। स्थानीय सरकार सञ्चालन ऐनको नियमावलीअनुसार महागढीमाई नगरपालिकाले मेला समिति गठन गरेको भए पनि स्थानीय तहले गठन गरेको मेला समिति मान्य नभएको भन्दै सञ्चालन तथा विकास समितिले मानेको छैन्।

मेला लगाउने अधिकार स्थानीय तहको होइन रु अध्यक्ष साह

मन्दिर सञ्चालन तथा विकास समितिका अध्यक्ष रामचन्द्र साहले पाँच वर्षमा एकचोटि लाग्ने गढीमाई मेलाका सम्पूर्ण जिम्मेवारी आफू नेतृत्वको समितिको भएको बताउछन्। स्थानीय

बाँकी अन्तिम पृष्ठमा

"जिम्मेवारी, प्राथमिकता उत्तरदायी सहितको हाम्रो कामना : लैङ्गिक हिंसा, अन्त्य हाम्रो चाहना।"

"सूचना र प्रविधि सहितको तीन तहको सरकार : लैङ्गिक हिंसा निर्मुल सबैको जिम्मेवार।"

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७

गढीमाई...

तहले गठन गरेको समिति आधिकारिक नभएकाले नयाँ समिति गठनका लागि प्रक्रिया अगाडि बढाइएको उनले बताए । यता स्थानीय तहको ऐनअनुसार गढीमाई-१ का अध्यक्ष सुदामा साह कानूको अध्यक्षतामा ६७ सदस्यीय समिति गठन गरिएको उनले जानकारी दिए ।

बालबालिकालाई...

हजार बुथमा सोही सङ्ख्यामा स्वास्थ्यकमी परिचालन हुने जानकारी दिए ।

मन्त्रालयले पछिल्लो समय सो कार्यक्रम स्थानीय तहलाई नै हस्तान्तरण गरिसकेको छ । सङ्घीयता कार्यान्वयनसँगै स्थानीय तहले विगत वर्षमा राष्ट्रिय प्राथमिकता प्राप्त सो कार्यक्रम सफलतापूर्वक सञ्चालन गरेका थिए । मन्त्रालयले स्थानीय तहलाई प्राविधिक र अन्य समन्वयको मात्र सहयोग गर्दछ । ती कार्यक्रमका लागि करीब तीन करोड ५० लाख बजेट विनियोजन गरेको छ । ती दुई दिनमा परिचालन हुने महिला स्वयंसेविका तथा स्वास्थ्यकमीलाई दैनिक रु ४०० भत्ताको व्यवस्था भएको मन्त्रालयले जनाएको छ ।

सन १९९३ देखि भिटामिन 'ए' कार्यक्रम शुरुआत भएको थियो । विगत २६ वर्षमा कार्यक्रमले सकारात्मक प्रभाव परेको शाखा प्रमुख पराजुलीले बताए । बालबालिकालाई रोगसित लड्न सक्ने प्रतिरोधि क्षमता वृद्धि तथा समग्र स्वास्थ्यमा सुधार ल्याउन भिटामिन 'ए' आवश्यकता पर्छ । खानाबाट प्राप्त हुन नसकेका भिटामिन 'ए' बालबालिकालाई खुवाइने प्रमुख पराजुलीले बताए ।

यसैगरी सोही दिन बालबालिकाको पेटभित्र सबै प्रकारका जुकालाई मार्न अल्वान्डाजोल खानापछि खुवाइने छ । जुकाका कारण रक्त अल्पता, एनेमिया, खाएको खाना नपच्ने हुने गर्दछ । यसैगरी बालबालिकाको पोषणको अवस्था पत्ता लगाउन पाखुराको नाप लिने गरिन्छ । हाल पाँचवर्ष मुनिका ४३ प्रतिशत बालबालिका पुड्का, ख्याउटे तथा मोटा रहेका छन् । पाखुराको स्थितिबाट कुषोषण भएका बालबालिकालाई पोषणको आहाराका बारेमा जानकारी दिइने कार्यक्रमअन्तर्गत रहेको छ ।

बालिभटाले बालबालिकालाई पुड्को हुनबाट जोगाउँछ । यसैविच सप्तकोसी नगरपालिकाले पनि आज र भोली भिटाविन खुवाउन स्वयंसेवकहरु परिचालन गरेको छ ।

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र



IME सेवाः यहाँ विश्वको जुनसुकै देशवाट पठाइएको रकम तुरुन्त पाउनुका साथै

प्रो.केदार श्रेष्ठ

माता मनकामना इन्टरप्राइजेज सप्तकोसी -१, फत्तेपुर

०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९९

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

हाम्रा सेवाहरुः

यहाँ विभिन्न ब्रान्डका स्वदेशी विदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दौरा सुरुवाल कोट पेन्ट, कुर्ता सुरुवाल, लेडगा, ट्प्स लेडिज गाउनलगायतका सामान हरु सुफत मुल्यमा उपलब्ध गराइन्छ।

जेके स्टोर सप्तकोसी १ फत्तेपुर

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३



२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. बद्रीप्रसाद भट्टराई

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।

एम्बुलेन्स सम्पर्कः ९८५२८५५११२



नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्द रहेको छ ।

माता मनकामना पोलिक्लिनिक

सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन कंसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार शाखा प्रमुख: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८९६७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय.....

उपभोक्ता जिम्मेवार बन्नु पर्छ

सप्तरीस्थित खानेपानी डिभिजन कार्यालयले सेवाग्राहीबाट एक करोडभन्दा बढीको बक्यौता असुल गर्न सकेको छैन् । ग्राहकले लामो सयमदेखि प्रयोग गरेको पानीको महशुल वापतको पैसा असुल गर्न डिभिजन कार्यालय असफल हुने दुई वटा कारण छन् । एउटा सेवाग्राही पहुँका कारण राज्यलाई सेवा बापतको पैसा तिर्दैनन् । दोश्रो कारण कर्मचारीको लापारवाही हो । समयमा तागेता नगर्ने, 'सरकारी काम कहिले जाला घाम' भन्ने मनोवृति लिएर जागिर मात्र पकाउने पैवृतिले डिभिजन कार्यालय बक्यौता उठाउन असफल भएको हो ।

ग्राहकमध्ये राजविराज नगरपालिका-८ निवासी बिमला अर्यालको ७८ हजार, ८४०, बद्रीनारायण यादवको ७८ हजार ७४५, उदायबहादुर पाण्डेको ६२ हजार ५८०, अनिता भगतको २२ हजार ३५० र वडा नं ४ का राधादेवी साहको ३२ हजार ३५० लगायत छ । यतिका बक्यौता हुदासम्म कार्यालयले तागेता नगरि काममा तेल हालेर बस्दाको परिणाम हो ।

खानेपानीको बक्यौता ठूलो मात्रामा बाँकी रहनुमा कर्मचारी र सेवाग्राही दुवै दोषी छन् । सयममा तागेता नगर्नु कर्मचारीको गम्भीर लापारवाही हो । आफुले सुसवधा लिएरको पानीको महसुल नतिर्ने उपभोक्ता उतिकै जिम्मेवार छन् । सेवा लिएर पछि त्यो वापतको महसुल तिर्ने कतव्य उपभोक्ताको हो । उपभोक्ता आफ्नो जिम्मेवारी पुरा गर्न पञ्छिनु हुदैन् । बाँकी रहेको बक्यौता यथासक्य बुझाएर उपभोक्ता जिम्मेवार हुनु उचित हुने छ ।

☎ जरूरी टेलिफोन ☎

सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वैस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

जलवायु परिवर्तन चुनौती

डा.श्रीभगवान् ठाकुर

(पृष्ठभूमि:

जलवायु परिवर्तन विश्वव्यापी सबाल रहेको छ । नेपाल जस्ता अतिकम विकशित राष्ट्रहरूको लागि जलवायु परिवर्तन वातावरणीय एवं सामाजिक चुनौतिको रूपमा बढी देखापरेको छ । जलवायु परिवर्तनका असरहरू देशभर अनुभव गरिरहेको अवस्था छ । स्थानीय समुदायहरूले वर्षाको प्रकृतिमा परिवर्तन भइरहेको देखिरहेका छन् जस्तैः हिउंदमा वर्षा हुने क्रम घटेको छ ।

तापक्रममा पनि उतिकै फेर बदल आई हिउँ पर्ने ठाउँमा हिउँ नपर्ने, जाडो लाग्ने ठाउँमा गर्मी, हावाहुरीमा परिवर्तन, जीवजन्तु तथा वनस्पतिको व्यवहारमा फरक, आदि महशुस गरिरहेको अवस्था छ । वर्षा/गर्मीको समय झन गर्मी हुदै गएको र हिउंदको समयमा कम चिसो, जाडो अवधि घट्ने तथा गर्मी बढेको, सुख्खा, हावाहुरी, शितलहरी महशुस गरिरहेको अवस्था छ भने पानीका श्रोतहरू सुकिरहेको भन्ने आम धारणा नै भईसकेको छ । बाढी, पहिरो, असिना, भू(क्षयको मात्रामा बृद्धि हुदै गएको, बनमा हुने आगलागीको घटनामा बृद्धि, रोगव्याधिमा बृद्धि, जंगली जनावरहरूका प्रकोप, आदि जलवायु परिवर्तन भएको कारण मानिन्छ ।

यी सम्पूर्ण असरहरूले समग्रमा स्थानीयस्तरमा कृषि बाली तथा पशु उत्पादनमा नकारात्मक योगदान पुगेको देखिन्छ । यी नकरात्मक असरले मानव, पशुवस्तु, बाली नाली, बन जंगल, पारिस्थितिक प्रणाली, जैविकविविधता, उर्जा, स्वास्थ्य, खानेपानी, पूर्वाधार, आदि प्रत्येक क्षेत्र प्रभावित भएको छ । फलस्वरूप मानवको जीविकोपार्जन कठिन हुन पुगेको अवस्था छ ।

यस समस्यासँग जुध्न केही घरपरिवारहरू शहरतिर बसाई सराई गरेका छन् भने केहीले रोजगारीको लागि आफ्ना सदस्यलाई वैदेशिक रोजगारमा पठाएका पाइन्छ ।

परिभाषा:

साधारणतया मौसम र जलवायुको बुझाई समान किसिमको मानिन्छ । तर यसमा भिन्नता रहको छ । मौसम भनेको कुनै स्थानको वायुमण्डलको छोटो समयको अवस्था (वढीमा २ हप्ता) (तापक्रम, आर्द्रता, हावा, वर्षा, हावाको चाप, आदि बुझिन्छ । तर जलवायु भनेको मौसमको लामो समयको औषत अवस्था तथा प्रबृति (सामान्यतया ३० वर्ष) लाई बुझिन्छ ।

जलवायु परिवर्तन लामो अवधिको तापक्रम र वर्षामा भएको हेरफेरलाई बुझिन्छ, यो वैज्ञानीक पक्ष पनि हो ।

मौसम परिवर्तन भई रहन्छ तर जलवायु लामो समयसम्म स्थिर रहन्छ । लामो समयसम्म स्थिर हुनुपर्ने जलवायुमा अनपेक्षीत रूपमा हाल परिवर्तन आईरहेको छ । नेपालमा प्रति वर्ष ०.०५६ डि.से.ग्रे.ले तापक्रम बढि रहेको छ भने वर्षा ५ देखि १० प्रतिशतले बढिरहेको जलवायु तथा मौशम विज्ञान विभागको प्रतिवेदनले देखाउँछ ।

जलवायु परिवर्तनका मुख्य कारणहरू:

जलवायु परिवर्तनको मुख्य कारण वातावरणमा रहेका निश्चित हरितगृह ग्यांसहरू (कार्वनडाईअक्साइड, मिथेन, आदि) को मात्रामा भएको उल्लेख्य बृद्धिलाई मानिएको छ । यसले पृथ्वीको तापमानमा वृद्धि भएको छ । जलवायु परिवर्तन सूर्यको प्रकाश, पृथ्वीको कक्ष, भू(प्लेट मुभमेन्ट, ज्वालामूखी विस्फोट तथा हरितगृह ग्यासहरूको मात्रामा बृद्धिले गर्दा हुन्छ । कार्वन डाईअक्साइड (५६%), मिथेन (१८%), सल्फर हेक्जा क्लोराईड (१३%), ओजन (७%), नाईट्रस अक्साइड (६%), र पानीको वाफ हरितगृह ग्यांसहरू हुन ।

संसारमा प्रत्येक नागरीकले औशतमा वार्षिक ४,०८० कि.ग्रा. हरितगृह ग्यांस उत्सर्जन गर्दछ । गाईबाट मात्र प्रतिवर्ष ३,५०० कि.ग्रा, बाख्रावाट ३७० कि.ग्रा., प्रत्येक १०० घंटा कम्प्यूटर प्रयोगबाट ९ कि.ग्रा, प्रति वर्ष टेलीभिजनको प्रयोगबाट २३ कि.ग्रा., औशतमा एक वर्षमा अमेरीकन खानावाट २,१९० कि.ग्रा., मांसाहारी खाना बाट १२२० कि.ग्रा. तथा साकाहारी भोजनबाट १९० कि.ग्रा.प्रति वर्ष हरितगृह ग्यांस उत्सर्जन हुन्छ ।

जलवायु परिवर्तनका स्थानीयस्तरसम्मको जोखिमता

हरितगृह ग्यांस उत्सर्जनमा विकसित राष्ट्रहरू बढी जिम्मेवार भए तापनि असरको भागिदार भने विश्वका सबै राष्ट्रहरू हुन । तर अल्प विकसित तथा अति कम विकसित राष्ट्रहरू बढी प्रभावित भएका छन् ।

नेपाल जस्ता गरिब मूलुकहरू सीमित श्रोत र साधनको कारण जलवायु परिवर्तनको असरसंग सामना गर्न सक्ने क्षमतामा कमी हुंदा बढी पीडित भईरहेको अवस्था छ । यसैगरी नेपाल भित्र पनि गरिब तथा सिमान्तकृत समुदाय, विकट तथा तराईमधेशमा बढी जोखिम महशुस भएको छ । जलवायु परिवर्तनको मुख्य तत्व भनेको स्थानीयस्तरमा हुने अनिश्चितता नै हो । स्थानीय हावापानीमा हुने अनिश्चिततालेे गर्दा गरीव विपन्न समुदायहरूको दैनिक जीवन जोखिममा पर्दछन् ।

जलवायू परिवर्तनका अनुमानित प्रभावहरू:

जलवायु परिवर्तनको जोखीमको कुरा गर्ने हो भने सन् २१०० सम्ममा पृथ्वीको औषत तापक्रम ६.४ डिग्री सेन्टीग्रेडले वढ्नेछ । तापक्रम २.५ डिग्री मात्रै वढ्दा पनि संसारका ३० प्रतिशत प्रजाती लोप हुने छन् । सन् २१०० सम्ममा समुद्री सतह ४३ से.मि.ले वढ्ने छ । २०५० सम्ममा आर्कटिकको हिउं समाप्त हुनेछ । हरेक वर्ष ६ मा १ देशले खद्यान्न संकट झेल्नुपर्नेछ । तीन देखि सात विलियन मानिसमा पानीको हाहाकार पर्नेछ भनी बैज्ञानिकहरूको आंकडा रहेको छ ।

त्यसैले, जलवायु परिवर्तनको असरसंग जुझ्ने प्रभावकारी उपाय भनेको समुदायस्तरमा उक्त असरहरूसंग सामना गर्न सक्ने अनुकूलन क्षमता (तत्कालीन र दीर्घकालीनरूप) मा बृद्धि गराउनु तथा त्यसका संकटासन्नता घटाउनु हो ।

नीतिगत व्यवस्था

जलवायु परिवर्तन सम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्र भएको र जलवायु परिवर्तनका असर मानिस, पूर्वाधार, आर्थिक क्षेत्र तथा प्राकृतिक स्रोतमा बढ्दै गएकोले जलवायु परिवर्तन सम्बन्धी महासन्धिका संयुक्त राष्ट्रसंघीय खाका अनुसार नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा, २०६६), स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (लापा, २०६८) तथा जलवायु परिवर्तन नीति (२०६७) बमोजिम जलवायु अनुकूलनका कार्यहरू कार्यान्वयनमा आएकाछन् । यसैगरी वि.सं. २०६९ सालदेखि जलवायु वित्तलाई जलवायु परिवर्तन बजेट कोडमार्फत स्थानीयस्तरकासम्म पुऱ्याइएको छ । नापाले तत्काल कार्यान्वयनमा ल्याउनु पर्ने अत्यावश्यक जलवायु अनुकूलनका कार्यहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याएको छ । जलवायु परिवर्तनको असर व्यापक वन्दै गएकोले मध्यकालीन र दीर्घकालीन अनुकूलन कार्यहरू कार्यान्वयन गर्नु पर्ने आवश्यकता पनि टड्कारोरूपमा देखिएको छ ।

सन् २०१० मा मेक्सिकोको क्यानकुनमा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरूको १६औं सम्मेलनबाट स्वीकृत क्यानकुन अनुकूलन संरचनामा विकासशील देशहरूले राष्ट्रिय अनुकूलन योजना (न्याप) तर्जुमा गरी मध्य र दीर्घकालीन अनुकूलनका कार्यहरू कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । क्यानकुनमा हानी तथा नोक्सानी सम्बन्धी कार्यक्रम र अनुकूलन समितिको स्थापना गर्ने समेत निर्णय भयो । तत्पश्चात् सन् २०११ मा दक्षिण अफ्रिकाको डर्बानमा सम्पन्न पक्ष राष्ट्रहरूको १७औं सम्मेलनले राष्ट्रिय अनुकूलन योजना तर्जुमाका लागि प्रारम्भिक निर्देशिका निर्णय गऱ्यो र अति कम विकसित मुलुकहरूको लागि स्थापित विज्ञ समूहले सो प्रारम्भिक निर्देशिकाको आधारमा राष्ट्रिय अनुकूलन योजना तर्जुमा गर्नका लागि प्राविधिक निर्देशिका तयार गरी प्रकाशन गऱ्यो । नापा अति कम विकसित मुलुकहरूले मात्रै तयार गरी कार्यान्वयन गरे भने न्याप सबै विकासशील देशहरूले तर्जुमा गरी कार्यन्वयन गर्नेछन् । राष्ट्रिय अनुकूलन योजना तर्जुमाको मुख्यतया दुईवटा उद्देश्य रहेका छन् । (क) अनुकूलन क्षमता र समानुकूलित विकासको माध्यमबाट जलवायु संवेदनशील क्षेत्रमा जलवायु परिवर्तनले निम्त्याएको सङ्कटासन्नता न्यूनीकरण गर्ने, र (ख) विद्यमान तथा नयाँ सान्दर्भिक नीति, कार्यक्रम र गतिविधिहरू, विशेषत: विकास योजना निर्माणको प्रक्रिया र रणनीतिहरूमा उपयुक्तताको आधारमा सम्बन्धित क्षेत्र र तहहरूमा सुसंगत तरिकाबाट जलवायु अनुकूलनलाई समायोजन गर्ने रहको छ ।

नेपालको तर्फबाट उक्त महासन्धिको केन्द्रबिन्दूको हैसियतमा कार्य गरिरहेको जनसङ्ख्या तथा वातावरण मन्त्रालय (हाल वन तथा वातावरण मन्त्रालय) ले वि.सं. २०७२ साल असोज १ गते एक कार्यक्रम बीच न्याप तर्जुमा प्रक्रिया शुरू भएको सार्वजनिक गरी ९ वटा विषयगत कार्य समूहहरू बनाई विभिन्न मन्त्रालयहरूसँग समन्वय गरी कार्य अगाडी बढाईएको थियो । सो राष्ट्रिय अनुकूलन योजना तर्जुमाको प्रक्रिया पुनः सुचारू रहेको छ । नेपालका जलवायू परिवर्तन महाशाखा खुलेको, जलवायू परिवर्तन सम्बन्धी बहुसरोकारवालाहरूको समन्वय समिति तथा जलवायू परिवर्तन परिषद् समेत रहेका छन् । जलवायू परिवर्तन नीति २०६७ परिमार्जन गरी जलवायू परिवर्तन नीति २०७६ समेत पारित भएको छ ।

जलवायु परिवर्तनका असरहरू:

जलवायु परिवर्तन तापक्रममा बृद्धि, वर्षामा परिवर्तन तथा हावाहुरीमा परिवर्तनले प्रकृति, मानव, पशुवस्तु तथा मानवका सरोकारका अनेक विषयमा विभिन्न किसिमका नकरात्मक असर परेको छ । पारिस्थितिय प्रणाली तथा जैविक बिबिधता देखि लिएर खाद्य उत्पादन तथा जल श्रोत, जनस्वास्थ्य तथा बसोबास, सामाजिक (आर्थिक बिकासमा नकरात्मक असर प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा परिरहेको छ ।

जलवायु परिवर्तनले देशको अर्थतन्त्र, जनसंख्या, प्रबिधि, सुशासन व्यवस्था साझै प्रभावित भएको छ । त्यसकारणले नेपाल जस्तो अति कम विकसित राष्ट्रले जलवायु अनुकुलन कार्यमा तदारूकता देखाउनु आवश्यक रहेको छ । साथ साथै अनुकुलनसंगै हरितगृह ग्यांस उत्सर्जन) न्यून हुने खालका प्रविधिमा जोड गर्नु पर्दछ ।

उपायहरू:

मानवीय क्रियाकलापबाट उत्सर्जित हरितगृह ग्याँसबाट जलवायु परिवर्तनमा आएको तिव्रताका कारण न्यूनतम हरितगृह ग्याँस उत्सर्जन गर्ने तर सङ्कटासन्न अवस्थामा रहेका नेपाल जस्ता अति कम विकसित मुलुकका व्यक्ति, समुदाय र पारिस्थितिकीय प्रणालीको अनुकूलन तथा समानुकूलन क्षमता बढाउनु अत्यावश्यक भएको छ । हरितगृह ग्याँसको उत्सर्जन प्राकृतिक तथा मानव सिर्जित प्रभावबाट हुन्छ । यी मानव सिर्जित हरितगृह ग्याँसको उत्सर्जनलाई हामी आफ्नो दिन चर्यामा तथा व्यवहारबाट न्यूनीकरण गर्नु पर्दछ । कल कारखाना, गाडी, वन विनास, धान खेती, पशुपालन जस्ता विकासका कार्यहरू वातावरणमैत्री तथा हरितगृह ग्याँसको उत्सर्जन कम गर्ने प्रविधि तथा अभ्यासहरू सबै निकायबाट हुनु जरूरी छ ।

अतः नेपालमा द्रुत गतिले बढ्दै गईरहेको जलवायु परिवर्तन मानव जीवन तथा प्राकृतिक प्रणालीका सबै क्षेत्रहरू प्रत्यक्षरूपमा नकरात्मक प्रभाव परिरहेकाले सबै पक्षले आ(आफ्नो प्रयासबाट अनुकूलनका अनेक उपायहरूको पहिचान, परिमार्जन, अनुसंधान, विकास तथा प्रसारण गरी समानुकुलित जीवन वा समउत्थानशील समाजको निर्माणका लागि सम्बन्धित निकायहरू समन्वय र सहकार्य गरी तिनै तहको सरकार लाग्न जरूरी देखिन्छ । यसका लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन उपायहरू: नीतिगत व्यवस्था देखि लिएर अध्ययन अनुसंधान, पैरवी, प्रविधि विकास, उपयोग, योजना /परियोजना निर्माण, लगानी, संचालन तथा अनुगमन मूल्यांकनमा विशेष ध्यान सरकार तथा नागरीकको ध्यान जानु महत्वपूर्ण देखिन्छ । (मधेश दर्पण)

पर्यटकको रोजाईमा मुन्दुम ट्रेल



फत्तेपुर / दशै विदामा मुन्दुम ट्रेलमा भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरु बढेका छन् । सरकारको उत्कृष्ट १०० वटा पर्यटकिय क्षेत्रको सुचीमा मुन्दुम ट्रेललाई पनि राखे पछि यो बर्षको विदामा पर्यटकहरु ट्रेकिङका लागि आएको ट्याम्के मैयुङ गाउँपालिकाका अध्यक्ष धुर्वराज राईले जानकारी दिए ।

ट्रेकिङका लागि ८ जना अमेरिकन पर्यटकहरु आएका थिए । उनीहरु १० दिनसम्मे मुन्दुम ट्रेल भित्र पर्ने मैयुङडाँडा, टेम्केडाँडा, हाँस पोखरी लगाएतको भ्रमण गरेका थिए । गत बर्ष १५ जना विदेशी पर्यटकहरुले पदयात्रा गरेका थिए । आगामी नोभेम्बरमा जापानी पर्यटकहरु उक्त ट्रेलमा पदयात्राका लागि अग्रिम बुकिङ गरेका छन् । सोलुखुम्बु, खोटाङ र भोजपुर र संखुवासभालाई छोएको यो ट्रेलको लम्बाई १०७ किमी रहेको छ ।

मैयुङ टेम्के साल्पा सिलिचुङ पर्यटन प्रवद्धन केन्द्रका अध्यक्ष अध्यक्ष रमेश राईका अनुसार उक्त पदमार्गमा हिड्नलाई सजिलो मदसाईलो बाटो, खर्कहरु भएको कारण १०बर्षदेखि ८० बर्षसम्मका मानिसहरु पदैन हिडन सकिन्छ । मध्य पहाडी लोकमार्गमा पर्ने ट्रेला ट्यम्के, मैयुङ, पाचधारे, सुन्तले डाडाँ सिलिचुङ, साल्पा पोखरी, सातदोवाटो, ह्याकुले डाँडा पर्छन् ।

यो पदमार्गबाट ४३ वटा हिमश्रृख्लाको दृष्य नजिकबाट हेर्न सकिन्छ । ८ हजार भन्दा बढि उचाईका पाँच वटा हिमालको दृष्य देख्न सकिने एक मात्र गन्तव्य यो पदमार्ग भएको राईले बताए । यस मार्गबाट सगरमाथा, लोत्से, चोयु, लोत्से, कञ्चनजंगा र मकालु हिमाल नजिकबाट अवलोकन गर्न सकिने राईले बताए ।

यो ट्रेललाई व्यवस्थापन गर्न प्रदेश सरकारले ९० लाख बजेट विनियोजन गरेको छ । गत बर्ष पर्यटन बोर्ड र स्थानीय सरकारहरुको लगानीमा ठाउँ ठाउँमा सेड हाउस, शौचालय, मैयुङ डाडाँमा ८ कोठाको गेष्ठ हाउस, चिलिचुङ क्षेत्रमा खानेपानी तथा पर्यटकहरुका लागि आवास निर्माण भएका छन् ।आगामी दिनमा सबै पूर्वाधार निर्माण गरि ३ बर्ष भित्र स्लिपिङ व्याग र म्याट मात्र बोकेर पर्यटकहरु यहाँ आउन सक्ने वातावरण निर्माण गर्ने लक्ष्य रहेको अध्यक्ष राईले बताए ।





दम रोग: लक्षण र उपचार विधि

डा. अरुणकुमार सिंह

दम रोगमा श्वास नली वा वरिपरिको जोडिएको खण्ड सुन्निन्छ । त्यसले गर्दा फोक्सोमा हावा जान कठिनाइ हुन्छ । जतिखेर एलर्जन्स (एलजी उत्पन्न गर्ने तत्व) र इरिटेटस (अप्ठयारो उत्पन्न गर्ने तत्व) सास नलीको सम्पर्कमा आउँछन्, त्यसपछि सास फेर्न हुने समस्यालाई दम भनिन्छ ।

दम रोग बाट बच्ने उपाय

दमको कुनै निश्चित कारण छैन । वंशाणुगत र वातावरणका एलर्जन्स वा इरिटेटसप्रति बढी सम्वेदनशील व्यक्तिलाई पनि दम हुन सक्छ । दम यस्तो स्थिति हो, जसले फोक्सोको हावा भित्र-बाहिर गर्ने नलीलाई प्रभावित गर्छ । दममा हावाको नलीको चारैतिर भएको मांसपेशी सङ्कुचित हुन्छ र खुम्चिन्छ र सास फेर्न गाह्रो हुन्छ । यसले हावाको नलीमा जलनसमेत हुन्छ । कहिलेकाहीँ टाँसिने पदार्थ कफ बन्छ जसले हावाको नलीमा जम्मा भएर सास फेर्नमा समस्या उत्पन्न गर्छ । छातीबाट प्रायः घ्यारघ्यार निस्कन्छ । दममा फोक्सोमा भएको हावाको नली धेरै संवेदनशील हुन्छ र त्यसले चुरोटको धुवाँ, चिसो, परागकणजस्ता थुप्रै इरिटेन्ट प्रति प्रतिक्रिया गर्छ । यसलाई ट्रिगर भनिन्छ । जसले दमको स्तिथि पैदा गर्छ ।

रोगको लक्षण

- छिटछिटो सास फेर्नु
- खोकीले गर्दा निद्रामा अवरोध हुनु
- सास फेर्न असजिलो हुनु
- सासमा घ्यारघ्यार सुनिनु
- बारम्बार खोकीको अनुभव हुनु
- खोकी प्रायः राति लाग्नु
- सास फेर्दा सिटी बजेजस्तो हुनु
- छातीमा पीडा अनुभव हुन सक्नु

दम रोग बाट बचाउन सावधानीहरू

- फ्रिजका खानेकुरा पनि नखाने
- जाडोमा हरेक समय न्यानो लुगा लगाउने
- कोल्ड ड्रिङ्क्स, आइस आदि नखाने
- घरपालुवाबाट टाढा रहने
- रुखा, खोकी वा सासको समस्या देखिए जँचाउने
- धुलोबाट बच्ने धुमपान नगर्ने, भए ठाउँ नजाने
- भिडभाड भएको ठाउँमा नजाने
- सुत्ने कोठामा हिटरको उपयोग नगर्ने



दमको उपचार

दमको उपचारका लागि सबैभन्दा पहिले कुन कुराले गर्दा एलर्जी भएको हो त्यो थाहा पाउनु र यस रोगलाई सधैंका लागि निर्मूल गर्न सकिन्छ । या साल्बुटामओल् र एसटिराड औषधिको बाफमा सास लिनु या खानु पर्ने हुन्छ । उपचारका लागि समयमा डाक्टरको सल्लाह लिनु राम्रो हुन्छ ।

(सिंह बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका बालरोग विशेषज्ञ तथा उपप्राध्यापक हुन् ।)

तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लि,ले,लो,अ): समय उत्तम खालको छ । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला । शुभ समाचार सुन्नाले मन प्रशन्न रहला ।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला । स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न । मन दोधार होला ।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । मन प्रफुल्ल रहला ।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला । तपाईको पछाडी कुरा काट्नेहरु आफै पाखा लाग्ने छन् ।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला । मनमा उत्साह र हिम्मत बढ्नेछ ।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला । शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ । नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला । प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ । पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ । तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

जनकपुरधाममा पर्यटकको चहलपहल बढ्दो



जनकपुर / प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा स्वदेशी तथा विदेशी पर्यटकका आगमन बढेको छ । विश्वभरिका हिन्दूको अस्थाको केन्द्र जनकपुरधाम विगतका वर्षभन्दा पछिल्लो केही महिनादेखि पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि भएको पर्यटन व्यवसायीहरुले बताएका छन् ।

नेपालका साथै छिमेकी मुलुक भारतका दक्षिण भारत, राजस्थान, गुजरात, महाराष्ट्र, हरियाणा, दिल्ली, बिहार, उत्तरप्रदेश सिमला, उत्तराखण्डलगायत राज्यबाट हजारौँको संख्यामा पर्यटक जनकपुरधाम आउने गरेका छन्। त्यसैगरी, मौरिसस, फिजी, मलेसियाको बाली, इन्डोनेसिया, श्रीलंका, अमेरिका, चीनलगायत मुलुकबाट पर्यटक जनकपुरधाम आउने गरेको यहाँका होटेल व्यवसायी बताउँछ ।

विश्वप्रसिद्ध जानकी मन्दिर, राममन्दिर, लक्ष्मणमन्दिर, विवाहमण्डप दर्शन गर्नुका साथै धनुषाको धनुषाधाम रहेको धनुषामन्दिरको दर्शन गर्न पर्यटक आउने गरेका छन्। पर्यटन तथा होटेल व्यवसायी विजय झुनझुनवालाका अनुसार दैनिक हजारदेखि १५ सयभन्दा बढी पर्यटक जनकपुरधाम आउने गरेका छन् ।

यस्तो छ इतिहास

ऐतिहासिक पौराणक, हिन्दू तथा मिथिला कला संस्कृतिको केन्द्रबिन्दु जनकपुरको गौरवशाली इतिहास रहेको छन । राजा जनकले राज्य गरेको मिथिला राज्यको राजधानी जनकपुरधाम यस क्षेत्रका जनताले बिरासतमा पाएका छन् । सीताको जन्मभूमि जनकपुरधाम नै रहेकाले हिन्दू धर्मप्रति आस्था राख्नेका लागि जनकपुरधाम पूजनीयस्थल रहेको वरिष्ठ साहित्यकार डा। राजेन्द्र विमलले बताए ।

नौ लाख असफी खर्च गरेको मुगल शैलीमा बनाइएको अनुपम जानकी मन्दिर विश्व सम्पदा सूचीमा पर्ने तरखरमा रहेकाले पनि यहाँ पर्यटकको संख्यामा वृद्धिको उनको भनाइ छ। भारतीय पूर्वराष्ट्रपति प्रवण मुखजी, प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमणले पनि पर्यटकलाई आकर्षण गरेको छन । यसका साथै जनकपुरधाममा दैनिक हुने महागंगा आरती यहाँ आउने पर्यटकको रोजाइमा पर्ने गरेको छन ।

रामायण पढेर भ्रमण गर्न आएका न्युजिल्यान्ड निवासी प्रविणेश चन्द्रले सीताजीको जन्मभूमिमा पाइला टेक्न पाउँदा आफ्नो जीवन धन्य भएको बताए । माता सीताको जन्मभूमि तथा भगवान रामको ससुराली दर्शन गर्नाले पुण्य प्राप्त हुने भएकाले प्रत्येक वर्ष सयौंको संख्यामा धार्मिक पर्यटक लिएर जनकपुर आउने गरेको भारत महाराष्ट्रबाट आएका एक चालकले बताए । उनले भने, 'म प्रत्येक वर्ष यो महिनामा आफ्ना गाडी लिएर जनकपुर आउँछु । तर, यस वर्षको जनकपुरधामको अवस्था फेरिएको छ । सरसफाइदेखि यहाँका घर एउटै रंगले पोतिएकाले पनि जनकपुरधामको सौन्दय बढेको उनले बताए ।

व्यवस्थित गरे पर्यटक बढ्ने

भारतीय तथा केही विदेशी पर्यटक भित्र्याउने नेपालको वर्तमान कानुनी व्यवस्था पनि बाधक रहेको उल्लेख गर्दै पर्यटन वर्ष २०२० का प्रदेश २ सल्लाहकार विजय झुनझुनवालाले भने, 'हामी भारतबाहेक अन्य कुनै मुलुकमा भ्रमण गर्न जान कम्तीमा १५ सय अमेरिकी डलर चाहिन्छ । तर, कुनै भारतीय पर्यटक नेपाल आउँदा २५ हजारभन्दा बढी भारतीय नोट लिएर आउन पाउँदैनन् । त्यसमा पनि सय र ५० रुपैयाँको मात्रै नोट लिएर आउनुपर्छ, यस्ता प्रावधानले पनि कतिय पर्यटक नेपाल आउन हिचकिचाउने गर्छन् ।'

त्यसैगरी, प्रदेश २ को वीरगञ्जमा मात्रै इमिग्रेसन चेक पोस्ट रहेकाले पनि जनकपुर आउने विदेशी पर्यटक बाध्य भएर २ सय किलोमिटर दूरी पार गरी वीरगन्ज जानुपर्ने हुन्छ । त्यसकारण यस्ता इमिग्रेसन चेकपोस्ट प्रदेश २ का सबै महत्वपूर्ण नाकाका भएको अवस्थामा यस्ता समस्या नआउने उनले बताए ।

जनकपुरधामसहित नेपालमा बढीभन्दा बढी पर्यटक भित्र्याउन नेपाल भ्रमण वर्ष २०२० प्रदेश २ समन्वय समिति सक्रिय भएको छ । समितिले प्रदेश २ सहित नेपालका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रमा पर्यटकको संख्या बढाउन प्रचार-प्रसार तथा विभिन्न कार्यक्रम गरी पर्यटकलाई आकर्षण गर्न लागेको नेपाल भ्रमण वर्ष २०२० प्रदेश २ समन्वय समितिका संयोजक मनीष झाले बताए । समितिले केही दिनअघि प्रदेश २ का विभिन्न होटेल तथा पर्यटन व्यवसायीसँग अन्तरक्रिया कार्यक्रमसमेत गरेको छ। त्यसैगरी, समितिले वीरगन्जमा चलचित्र महोत्सव, सहरबजार तथा सीमावती क्षेत्रमा होर्डिङबोर्ड लगाउने, जनकपुरमा साहित्य महोत्सव, गंगासागर पोखरीमा बोट प्रतियोगितासहितका कार्यक्रम गर्ने निर्णय गरेको छ ।

अन्य वर्षभन्दा नेपाल भ्रमण वर्षमा जनकपुरसहित प्रदेश २ मा पर्यटकको संख्या बढ्ने उल्लेख गर्दै उनले भने, 'यति नै संख्यामा पर्यटक थपिन्छन् भन्न सक्दैनौं। तर, विगतभन्दा धेरै पर्यटक आउँछन् ।'

विश्वकर्मा समाजको शुभकामना आदनप्रदान कार्यक्रम



फत्तेपुर / बिजया दशमी, शुभ दिपावली तथा छठ पर्वको अबसरमा विश्वकर्मा उत्थान सामाज सप्तकोसी नगरकमिटीले गत शनिवार फत्तेपुरमा शुभकामना आदान प्रदान कार्यक्रम गरेको छ ।

राष्ट्रिय मावि फत्तेपुरको प्राङ्गणमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथी प्रदेश सासद सत्यनारायण मण्डल रहेका थिए । उनले विश्वकर्मा पुजाको दिनलाई राष्ट्रिय पर्वको रुपमा स्थापित गरि बिदाको ब्यबस्था गरिने बताए । कार्यक्रममा प्रमुख अतिथी मण्डलले विजया दशमीले सबै नेपालीको सोचमा सकारात्मक परिवर्तन होस भन्ने शुभकामना दिए ।

सप्तकोसी नगरपालिकाकी उपप्रमुख आशा चौधरीले सबै जातजातिको उत्थान हुनु जरुरी भएको बताइन । कार्यक्रममा कञ्चनरुप नगरकमिटी संयोजक डिक बहादुर बिक, सुरुङाका संयोजक आशाराम बिक, खडक नपाका संयोजक राम अबतार बिक, सप्तकोसी नपाका कार्यपालिका सदस्य लाल बहादुर बिक,नेकपाका लेखनाथ घिमिरे, विश्वकर्मा उत्थान समिति का नागेश्वर बिश्व्कर्मा, बालेश्वर बिश्वकर्मा, शिक्षक राकेश विश्वकर्मा, शिक्षा प्रेमी रविन्द्रनाथ कण, संघीय समाजबादीका नेता रामकुमार यादव, विश्वकर्मा उत्थान समाजका केन्द्रिय अध्यक्ष राजेन्द्र विश्वकर्मालगायतले शुभकामना व्यक्त गरेका थिए । समाज का सप्तकोसी नगरकमिटी संयोजक प्रकाश विश्वकर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन पत्रकार राजु विश्वकर्माले गरेका थिए ।

दुर्घटनामा शिक्षक बस्नेतको मृत्यु

फत्तेपुर / सप्तकोसी नगरपालिका वडा नं. १ स्थित रहेको राष्ट्रिय माविमा कार्यरत शिक्षक निरिराज बस्नेतको सोमबार मोटरसाइकल दुर्घटनामा परि निधन भएको छ ।

सोमबार बेलुका घरबाट इटहरी जाने क्रममा सुनसरीको कोशी गाउँपालिकास्थित कटान क्षेत्रमा विपरित दिशाबाट आएको को २९ प ६८५३ नम्बर को मोटरसाइकल र शिक्षक बस्नेत सवार ४०४९ नम्बर को मोटरसाइकल एक आपसमा ठोक्किदा गम्भीर घाइते भएका बस्नेतलाई उपचारका लागि बिराटनगर लाने क्रममा बाटोमै मृत्यु भएको विद्यालयका प्रअ महेश मास्केले जानकारी दिए ।

बस्नेत सवार मोटरसाइकलको पछाडी बसेका भक्तबहादुर बिष्ट भने घाइते भएका छन ।

बेलका नगरपालिका वडा न १ उदयपुर स्थाइ घर भै २०४८ साल देखि शिक्षण पेशामा कार्यरत बस्नेत हाल रामावि फत्तेपुरमा प्रावि द्वितीय तहमा कार्यरत शिक्षक थिए । शिक्षक संघ सप्तकोसी नगरकमिटीका सदस्यसमेत रहेका बस्नेतका श्रीमति,दुई छोरी र एक छोरा रहेका छन ।

एक दिने बित्तिय सचेतना कार्यक्रम सम्पन्न

फत्तेपुर / सप्तकोसी नगरपालिका वडा नं. १ मा रहेको प्रयास सार्वजनिक पुस्तकालयले एक दिने बित्तिय सचेतना कार्यक्रम गरेको छ । शिवालय मन्दिरको प्राङ्गणमा आयोजित कार्यक्रममा बैंक, वित्तीय सस्था,बचत ,ऋण,बैकिङ क्षेत्रमा ग्रामीण समुदायको पहुँच, विमालगायतको विषयमा जानकारी गराइएको थियो । एनआइसि एसिया बैंकका तिरहुत शाखा प्रमुख नन्दकिशोर गुप्ता, त्रियुगा सहकारी संस्था फत्तेपुरका ब्यबस्थापक दिपक काकी, एनआइसि इन्स्योरेन्सका प्रतिनिधि शम्भुप्रसाद चौधरी लगाएतले सहजीकरण गरेका थिए । कार्यक्रममा नेपाल राष्ट्र बैंक, गर्भनर कार्यालयका प्रतिनिधि सन्दनसिह चौधरीको पनि सहभागीता रहेको थियो । कार्यक्रममा सप्तकोसी नगरपालिकाका वडा न ७,८,९, वडाका वडावासीको सहभागीता रहेको आयोजक प्रयास पुस्तकालयका अध्यक्ष रमेशकुमार कार्कीले जानकारी दिए । कार्यक्रम स.चालन शिक्षक शिव आचार्यले गरेका थिए ।



चौदण्डी नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगवाट वचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।


चौदण्डी नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

अव धरान विराटनगर धाउनु पर्दैन


यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरुजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरुद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी
सप्तकोसी डेन्टल क्लिनिक
सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन
सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७



कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगवाट वचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

कञ्चनरुप नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

